# वैकल्पिक ऊर्जाले हावाहुरी प्रभावितलाई सुधारिएको चुलो र सौर्य टुकी बाँड्यो

ऊर्जा खबर १९ घण्टा अगाडि 353 • वैकल्पिक ऊर्जा



काठमाडौं– वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले हावाहुरीबाट प्रभावित बारा जिल्ला सहित देशका विभिन्न क्षेत्रमा सुधारिएको चुलो र सौर्य टुकी बाँडेको छ । प्रभावित स्थानीयको दैनिकी सहज बनाउन आवश्यक सामग्री वितरण गरेको हो ।




सम्बन्धित क्षेत्रका प्रदेश सरकार तथा नगरपालिकाले अनुरोध गरेपछि सुधारिएको चुलो र सौर्य टुकी वितरण गरिएको केन्द्रका निमित्त कार्यकारी निर्देशक नवराज ढकालले बताए । उनका अनुसार एक हजार खाना पकाउने फलामे सुधारिएको चुलो र ९ सय ५० थान सौर्य टुकी हस्तान्तरण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी राजेश पौडेललाई उक्त सामग्री हस्तान्तरण गरिएको ढकालले बताए । प्रवर्द्धन केन्द्रले रकेट मोडलको कम दाउरामा खाना पकाउन मिल्ने सुधारिएको चुलो हस्तान्तरण गरेको छ । यसैगरी, तीन वटा बत्ती बाल्न मिल्ने र मोबाइल चार्ज गर्न मिल्ने १० वाटको सौर्य टुकी हस्तान्तरण गरिएको छ ।




बारा र पर्साको समन्वयमा केन्द्रले उपलब्ध गराएका उपकरण प्रभावित बासिन्दालाई वितरण गरिएको छ । सामग्री अपुग भए केन्द्रले थप उपलब्ध गराउने जनाइएको छ ।